# सतचालीसौं वार्षिक प्रतिवेदनको सारांश

लोक सेवा आयोगले विगत वर्षहरु जस्तै आर्थिक वर्ष ०६२।०६३ मा पनि नेपाल अधिराज्यको संविधान, २०४७ अनुरुप आफ्नो जिम्मेवारी सूचारु रुपले सम्पादन गरेको छ । आयोगमा हाल अध्यक्ष लगायत ६ जना सदस्यहरु छन् । आयोगमा केन्द्रीय कार्यालय, ५ वटा क्षेत्रीय निर्देशनालयहरु र ९ वटा अञ्चल कार्यालयहरु विद्यमान छन् । जसमा विभिन्न तहका प्राविधिक र अप्राविधिक गरी कूल २८१ जना कर्मचारीहरुले दैनिक कार्य सम्पादनमा सहयोग पुऱ्याइरहेका छन् ।

नेपाल अधिराज्यको संविधान, २०४७, लोक सेवा आयोगको (कार्यविधि) ऐन, २०४८ र लोक सेवा अयोगको (कार्यविधि) नियमावली, २०५० तथा निजामती सेवा ऐन, २०४९, संसद सेवा ऐन२०५८, न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियम,२०५१, स्वास्थ्य सेवा ऐन, २०५३, महालेखा परीक्षकको विभागका कर्मचारीहरु सम्बन्धी नियमावली २०५० मा प्रावधान भए बमोजिम यस आयोगले आ.व. २०६२।०६३ मा माग संकलनदेखि उपयुक्त उम्मेदवारहरुको छनौट गरी नियुक्तिको लागि सम्बन्धित निकायहरुमा सिफारिश गरेको छ । त्यसै गरी निजामती सेवा शर्त सम्बन्धी विषयमा नेपाल  सरकारलाई परामर्श दिने, विभिन्न बढुवा समितिमा संलग्न हुने, बढुवा सम्बन्धमा उजूरी सुनी निर्णय दिने, निजामती कर्मचारीलाई विभागीय कारबाही गर्ने सम्बन्धमा परामर्श दिने, विभिन्न कार्यालयहरुको दरबन्दी तथा पदपूर्ति सम्बन्धमा गरेका कार्यहरुको निरीक्षण गर्ने, पाठ्यक्रम निर्माण तथा सुधार गर्ने, शैक्षिक योग्यताहरुको निर्धारण गर्ने, लिखित परीक्षा सञ्चालन तथा अन्तर्वार्ता लिने र नियुक्तिका लागि सिफारिश गर्ने लगायतका कार्यहरु नियमित रुपमा गर्दै आएको छ ।

निजामती सेवाको पदमा निष्पक्ष एवं योग्यताको आधारमा कर्मचारी नियुक्तिको लागि उपयुक्त उम्मेदवारहरु छनौट गरी सिफारिश गर्न आयोगले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा परीक्षा पद्धति सम्बन्धी निर्देशिका, २०५९; पदपूर्ति सम्बन्धी निर्देशिका, २०५१; निरीक्षण निर्देशिका, २०५१; पारिश्रमिक दररेट सम्बन्धी निर्देशिका, २०५८ आदि तयार गरी सोही बमोजिम कार्य गर्ने गराउने गरेको छ । यसकासाथै आयोगको कार्यलाई समयसापेक्ष रुपमा पारदर्शी, अझ स्तरीय र चुस्त बनाउनका लागि विद्यमान निर्देशिकाहरुमा परिमार्जन गर्दै आउनुका साथै प्रश्नपत्र निर्माण तथा परिमार्जन निर्देशिका, २०६३, अन्तर्वार्ता प्रविधि निर्देशिका, २०६३ र उत्तरपुस्तिका परीक्षण निर्देशिका २०६३ तर्जुमा गरेको छ । यस क्रममा आयोगले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आयोगले विभिन्न क्षेत्र र विषयमा दक्षहरुको सहयोग लिने गरेको छ ।

आ.व. ०६२।०६३ मा ८९ दिन आयोगको बैठक बसी ४३० वटा विभिन्न निर्णयहरु भएका छन् । आयोगका पदाधिकारीहरुले विभिन्न संस्था, समिति र आयोगका विभिन्न २५९ बैठकमा सहभागिता जनाएका छन् । आयोगका कर्मचारीहरुले पनि विभिन्न निकायहरुमा प्रतिनिधित्व गर्दै आएका छन् ।

यस आ.व. मा केन्द्रिय कार्यालय, ५ वटा निर्देशनालयहरु र ९ वटा अञ्चल कार्यालयहरुमा विभिन्न सेवा, समूह, श्रेणी र तहका प्राविधिक तर्फ १३२७ र अप्राविधिक तर्फ ६५२ गरी कूल १९७९ पदको माग संकलन भएको छ ।

आयोगबाट ४२६ सरकारी कार्यालयहरुको निरीक्षण गरियो भने कूल १,४६६ प्रश्नपत्रहरु निर्माण गराइ कूल ९८९ प्रश्नपत्रहरु मोडरेशन गरियो । त्यसैगरी २४७ वटा विज्ञापन र ८२ वटा सूचना गरी जम्मा ३२९ विज्ञापन/सूचनाहरु प्रकाशित गरियो । प्रकाशित विज्ञापन/सूचनामा रा.प.तृतीय श्रेणी अप्राविधिकको प्रारम्भिक परीक्षामा समेत गरी महिला २०,६२० र पुरुष ६९,७३० गरी जम्मा ९०,३५० उम्मेदवारहरुले दरखास्त दर्ता गरेका छन् । विज्ञापन/सूचना अनुसार प्रारम्भिक

परीक्षा समेत १४५ दिन लिखित परीक्षा सञ्चालन यसै आ.व.मा सम्पन्न भएको छ । गत आ.व.मा दरखास्त दिने कूल उम्मेदवारको संख्या करिव १ लाख ७ हजार रहेको थियो ।

आ.व. ०६०।६१ का २ विज्ञापन र आ.व. ०६१।६२ का २१३ विज्ञापन र चालू आ.व.मा प्रकाशन भएका मध्ये १६२ विज्ञापनबाट माग गरिएका पदहरुमा गरी जम्मा ३७७ विज्ञापनका १८०५ पदहरुमा यसै आ.व.मा सिफारिश गर्ने कार्य सम्पन्न गरियो । उक्त सिफारिशमा १८.७३ प्रतिशत अर्थात ३३८ महिला र ८१.२७ प्रतिशत अर्थात १४६७ पुरुष रहेका थिए । निजामती सेवा तर्फ १०९४, न्याय सेवा तर्फ १२६, स्वास्थ्य सेवा तर्फ ५४०, संसद सेवा तर्फ २६ र म.ले.प तर्फ १९ पदका लागि सिफारिश गरियो । अघिल्लो आ.व.को तुलनामा यस वर्ष विज्ञापन तथा सूचनाको संख्या १३७ ले घटी हुन गएको छ भने दरखास्त दर्ता गरेको संख्या १७,१२६ ले कम भएको छ । कूल सिफारिश संख्या भने ३२२ ले बढी भएको छ । लोक सेवा आयोगद्वारा सञ्चालित प्रतियोगितात्मक परीक्षाहरुमा महिला सिफारिशको संख्या ६५ ले बढी छ साथै विभिन्न जनजातिको संख्यामा क्रमशः बृद्धि हुँदै गएको छ ।

आयोगले गत आ.ब. का बाँकी समेत गरी चालू आ.व. मा सिफारिश गरेका पदहरुमा करिव १ लाख २० हजार दरखास्त परेकोमा करिब ६९ हजार ब्राह्मण जातिवाट दरखास्त दर्ता गरेको पाइन्छ भने क्षेत्री, नेवार, किरात/राई, गुरुङ्ग, शेर्पा जातिवाट क्रमश करिब २३ हजार ४ सय, ७ हजार ३ सय, १ हजार ८ सय, ५ सय १२ र ७३ दरखास्त परेको थियो भने सवैभन्दा कम दरखास्त मुसलमान जातिले दर्ता गराएका थिए । दलित जातीको दरखास्त संख्या १२०० को हाराहारीमा थियो भने अन्य जनजातिको दरखास्त संख्या १० हजार ७ सय रहेको थियो । ति विज्ञापनहरुमा आयोगबाट करिब १ हजार ७१ ब्राम्हण, ३ सय ३२ क्षेत्री, १ सय ३६ नेवार, २२ किरात/राई, ४ गुरुङ्ग, २६ मगर, १३ तामाङ्ग, २९ थारु, १८ दलित, अन्य जनजाति १५१ र शेर्पा र मुसलमान जातिबाट १/१ जना सिफारिश भएका थिए ।

मातृभाषागत रुपमा हेर्दा दनुवार, सुनुवार, उर्दु र थकाली मातृभाषा रहेको उम्मेदवाहरुको सिफारिश संख्या शून्य रहेको पाइन्छ । लिम्बु मातृभाषा भएका १ जना सिफारिश भएका छन् । करिब ९८ हजार नेपाली मातृभाषा भएका उम्मेदवाहरुले दरखास्त दिएकोमा करिब १४८० जना सिफारिश भएका छन् । मैथिली र नेवारी मातृभाषा भएका मध्ये क्रमशः करिब ८ हजार ५ सय र ४ हजार ३ सयको हाराहारीमा दरखास्त दिने उम्मेदवारको संख्या रहेको थियो भने क्रमश १३१ र ७९ जना सिफारिश भएका छन् ।

विभिन्न विज्ञापनहरुमा ५२ हजार ७ सयको हाराहारीमा विद्यार्थी पेशामा रहेका उम्मेदवाहरुले दरखास्त भरेकोमा ६५१ जनालाई सिफारिश गरिएको थियो भने निजामती सेवामा कार्यरत मध्ये २५ हजार ८ सयको हाराहारीमा दरखास्त भरेका उम्मेदवार मध्ये ५५६ सिफारिशमा परेका थिए ।

करिब २९ हजार २ सय मानविकी विषय अध्ययन गरेका, २७ हजार ५ सय प्राविधिक शिक्षा विषय अध्ययन गरेका उम्मेदवाहरुले उक्त विज्ञापनहरुको दरखास्त दर्ता गराएको थिए । जस मध्ये प्राविधिक शिक्षा विषय अध्ययन गरेका ८८३ जना र मानविकि विषय अध्ययन गरेका ३२० जना सिफारिश भएका थिए । विज्ञापन विषय अध्ययन गरेका ३९ जना मात्र सिफारिश भएका थिए ।

आयोगबाट सिफारिश हुने सफल उम्मेदवाहरुको बाबु आमाको पेशालाई विचार गर्दा कृषि पेशा अंगाल्ने बाबु आमाका छोराछोरीहरु बढी संख्यामा सिफारिश भएको पाइयो । विभिन्न विज्ञापनहरुमा करिब ९४ हजार ७ सय कृषि पेशा अंगाल्ने बाबुआमाका छोराछोरीहरुले दरखास्त दर्ता गराएकोमा १,४१८ जनालाई आयोगबाट सिफारिश गरिएको छ । प्रहरी र सेना पेशा अंगाल्ने बाबुका छोराछोरीले न्यून मात्रामा आयोगको विज्ञापनहरुमा दरखास्त दिएको पाइन्छ । निजामती सेवामा कार्यरत कर्मचारीका छोराछोरीहरु करिब १३ हजार ४ सय दरखास्त दर्ता गराएकोमा १ सय ९९ जना सिफारिश भएका छन् ।

क्षेत्रगत आधारमा हेर्दा मध्यमाञ्चल विकास क्षेत्रवाट दरखास्त दिने र सिफारिश हुनेको संख्या अधिक रहेको थियो भने सुदूरपश्चिमाञ्चलबाट न्यून रहेको देखिन्छ ।

यस आर्थिक वर्षमा विभिन्न पद, सेवा, समूह, उपसमूह, श्रेणी/तह गरी जम्मा ४३ वटा पदको विभिन्न विषयका पाठ्यक्रम तर्जुमा एवं परिमार्जन भएको छ ।

यस आ.व. मा ३३७ जना निजामती कर्मचारीलाई विभागीय सजायको लागि परामर्श पठाइएको छ । यसैगरी बढुवा सम्बन्धी २८ वटा उजुरीको निर्णय भएको छ भने आयोगलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत एवं पुनरावेदन अदालतहरुमा दायर गरिएका ७२ वटा रिटको जवाफ पठाइएको छ । गत आ.व. को भन्दा चालु आ.व.मा विभागिय परामर्शको संख्या ९० ले बढेको र बढुवा उजुरीको संख्या १८ ले घटेको पाइयो ।

आ.व. २०६२।०६३ मा आयोगले दरखास्त फारम, पाठ्यक्रम, बुलेटिन, निजामती सेवा पत्रिका आदिको बिक्री वितरणबाट रु.२ करोड १५ लाख राजस्व संकलन भएको छ । यस अवधिमा रु. ९ लाख २३ हजार वरावरको धरौटी मौज्दात रहेको छ । यस आ.व.मा आयोग र अन्तर्गतका कार्यालयहरुका लागि रु.९ करोड ४४ लाख २० हजार बजेट स्वीकृत भएकोमा रु.८ करोड ९७ लाख ५७ हजार खर्च भएको छ । अघिल्लो वर्षको तुलनामा रु. ६० लाख ५० हजार घटी राजस्व संकलन भएको छ भने कूल खर्च २ करोड ४ लाख १५ हजारले बढेको छ ।

आयोग र अन्तर्गत कार्यालयहरुको नाममा करीब ५० रोपनी र २ विघा जग्गा, २९ वटा भवन, २ वटा छाप्ने मेशिन, ४४ वटा कम्प्युटर, १८ वटा फोटोकपी मेशीन, १७ वटा फ्याक्स, ३१ वटा प्रिन्टर, १४ वटा जेनेरेटर र सवारी साधनमा १२ वटा गाडी तथा १५ वटा मोटरसाइकल छन् ।

रिक्त पदको माग समयमा प्राप्त हुन नसक्नु, नीति नियम परामर्शमा नेपाल सरकारसंग अपेक्षित समन्वय हुन नसक्नु, उजुरीहरुको संख्या दिनानुदिन बढ्दै गएकोले समयमा फछ्र्यौट हुन नसक्नु, बजेट तथा भौतिक सामग्रीको समयोचित व्यवस्था हुन नसक्नु जस्ता समस्याहरु विगतमा जस्तै यसपालि पनि आयोगले व्यहोर्नु परिरहेको छ ।

संवैधानिक रुपमा आयोगबाट परामर्श लिनु पर्ने प्रावधान रहेका विषयहरुमा आयोगबाट परामर्श माग गर्ने गरेतापनि र आयोगबाट दिएको परामर्शलाई व्यवहारमा नल्याएको कुरा आयोगको जानकारीमा आएको छ । यस क्रममा आयोगको काममा सहयोग गर्न र आयोगबाट दिएका परामर्शलाई पालना गरी निजामती सेवालाई निष्पक्ष, निष्कलंक र मर्यादित बनाउन सम्पूर्ण सरकारी निकायहरुलाई आयोग अनुरोध गर्दछ ।

यसरी विभिन्न समस्याहरुको वावजूद आयोगले संविधानको मर्म एवं नेपाली जनताको भावना अनुरुप प्रचलित कानूनको अधिनमा रही निष्पक्ष तथा तटस्थ रुपमा संवैधानिक एवं कानूनी दायित्व निर्वाह गरी उच्च छवि कायम राखी आएको छ र भविष्यमा पनि यस तर्फ सचेत रही निष्पक्ष एवं तथष्ट रुपमा कार्य सम्पादन गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

# लोक सेवा आयोग र अन्तर्गतका कार्यालयले गरेका कार्यहरुको संख्यात्मक विवरण

| क्र.सं. | कार्यहरुको विवरण | संख्या | |
|---|---|---|---|
| | | ०६१।०६२ | ०६२।०६३ |
| १ | आयोगको बैठक दिन | ८२ | ८९ |
| २ | आयोगको निर्णय संख्या | ३२५ | ४३० |
| | विभागीय सजाय परामर्श सम्बन्धी निर्णय संख्या | २०४ | २९४ |
| | बढुवा उजूरी सम्बन्धी निर्णय संख्या | ४६ | २८ |
| | नीति नियम, शैक्षिक योग्यता सम्बन्धी निर्णय | १६ | ३१ |
| | अन्य विषयसंग सम्बन्धित निर्णय संख्या | ५९ | ७७ |
| ३ | पाठ्यक्रम निमार्ण/परिमार्जन | ८३ | ४३ |
| ४ | विभागीय सजाय परामर्श (कर्मचारी संख्या) | २६८ | ३३७ |
| ५ | आयोगका पदाधिकारीले विभिन्न समिति, संस्था, आयोगमा संलग्नता | २४८ | २५९ |
| ६ | रिट निवेदनको जवाफ | १०८ | ७२ |
| ७ | कार्यालय निरिक्षण संख्या | ४०२ | ४२६ |
| ८ | विभिन्न रिक्त पदको जम्मा माग संकलन | २,६३१ | १,९७९ |
| | प्राविधिक पदहरु | १,६७३ | १,३२७ |
| | अप्राविधिक पदहरु | ९५८ | ६५२ |
| ९ | विज्ञापन प्रकाशन संख्या | ४६६ | ३२९ |
| १० | विभिन्न पदका लागि दरखास्त दर्ता | १,०७,४७६ | ९०,३५० |
| | कूल दरखास्तमध्ये महिलाको | २२,३१० | २०,६२० |
| | कूल दरखास्तमध्ये पुरुषको | ८५,१६६ | ६९,७३० |
| ११ | प्रश्न पत्र निर्माण | ९६७ | १,४६६ |
| १२ | प्रश्न पत्र मोडरेशन संख्या | ५९७ | ९८९ |
| १३ | लिखित परिक्षा संचालन संख्या (दिन) | २५२ | १४५ |
| १४ | उत्तर पुस्तिका परिक्षण संख्या | १,३५,७१५ | १,६२,९२० |
| १५ | लिखित परिक्षाको नतिजा संख्या | २२८ | ३७२ |
| १६ | सिफारिश उम्मेदवार संख्या | १,४८३ | १,८०५ |
| | सिफारिश उम्मेदवार मध्ये महिलाको संख्या | २७३ | ३३८ |
| | सिफारिश उम्मेदवार मध्ये पुरुषको संख्या | १,२१० | १,४६७ |
| १७ | सिफारिश भएका मध्ये | | |
| | निजामती सेवा तर्फ | ९४५ | १०९४ |
| | न्याय सेवा तर्फ | १२६ | १२६ |
| | स्वास्थ्य सेवा तर्फ | ३८७ | ५४० |
| | संसद सेवा तर्फ | १८ | २६ |
| | म.ले.प.तर्फ | ७ | १९ |
| १८ | अन्तर्वार्ता सिफ्ट | ६४२ | ७०० |
| १९ | कार्यशाला गोष्ठी संख्या | २ | ३ |
| २० | आयोग /अन्तर्गतमा कार्यरत कर्मचारी | २८३ | २८१ |
| २१ | राजस्व संकलन रु.(हजारमा) | २७,४५९ | २१,४०८ |
| २२ | धरौटी जम्मा रु. (हजारमा) | ८९५ | ९२३ |
| २३ | बुलेटिन प्रकाशन | ५० | ५० |